SAMPLE QUESTION PAPER (2022-2023) ANSWER KEY
CODE: 024

# विषय-नेपाली

## कक्षा- दश

निर्धारित समय : 3 घण्टा    अधिकतम अङ्क : **80**

**1.** संसारका महापुरुषहरूले आफ्नो लक्ष्य कसरी प्राप्त गरेका छन्?    **(1X5 = 5)**
iii. सदाचारी बनेर।

**2.** सदाचारी व्यक्तिले समाजमा.....पाउँछ।
ii. इज्जत।

**3.** हामीले के निर्माण गर्नुपर्छ?
iv. उच्च आदर्श।

**4.** वर्तमान समयमा के-को अभाव छ?
i. नैतिक शिक्षा।

**5.** सदाचारी शब्दको विपरीत शब्द......।
ii. दुराचारी।

## अथवा

**6.** मारूनी नाचमा कस्तो लुगा लगाइन्छ?
i. परम्परागत।

**7.** मारूनी नाच शुरू गर्नुलाई के भनिन्छ?
i. नाच बाँध्ने।

**8.** पुर्सिङ्गे कस्तो पात्र हो?
iv. हस्यौली-ठट्यौली गर्ने।

**9.** ख्याली भनेको .......गीत हो।
ii. चुड्के लोक गीत।

**10.** **मारूनी नाचको अर्को नाम के हो?**
ii. देवीको नाच।

**11.** **कुन ऋतुको आगमनमा दिल आनन्दित हुन्छ?** **(1X5 = 5)**
iii. वसन्त।

**12.** **ताराको सौन्दर्य कहाँ झलमल हुन्छ?**
ii. नीलाम्बरमा।

**13.** **क्षणिकको अर्थ के हो?**
ii. छोटो समय।

**14.** **वसन्तको समयमा प्रेम प्रीति जोड़ेर को खुशीले उफ्रन्छ?**
ii. कोइली।

**15.** **के उड़ेर गएपछि फर्केर आउँदैन?**
ii. वसन्त।

## अथवा

**16.** **लोग्ने कहाँ शहीद भएका छन्?**
iii. सिमानामा।

**17.** **बाइँ र चुराहरूले के गरे भनिएको छ?**
iv. लक्ष्मण रेखा कोरे।

**18.** **सिमानामा लोग्ने छटपट गरिरहेको बेला देशवासी किन कापिरहेका थिए?**
i. असुरक्षाको भयले।

**19.पति के को निम्ति शहीद भएका छन्?**
iii. देश बचाउँनको निम्ति।

**20.** **यहाँ विधवा नभएको कुरा कसरी गरिएको छ?**
ii. देश बाचिरहेकाले।

**21.** **कर, बाहु केका पर्यावाची रूप हुन्?** **(1X16 = 16)**
ii. हात।

**22.** प्रतिशब्दलाई ....पनि भनिन्छ?
iv. पर्यायवाची शब्द।

**23.** परिणाम र परिमाणको सही अर्थ हो-?
ii. फल र नाप।

**24.** भिन्नार्थ शब्दलाई के पनि भनिन्छ?
iv. समोच्चरित शब्द।

**25.** तल दिइएका शब्द र अर्थमध्ये कुन जोड़ी सही छैन?
i. अभिराम-सुन्दर।

**26.** द्वेष-को सही अर्थ के हो?
ii. ईर्ष्या।

**27.** लोचन, नेत्र आदि केका पर्यायवाची रूप हुन्?
iii. आँखा।

**28.** चञ्चलको विपरीत के हो?
iii. स्थिर।

29. जात, पेशा आदि बुझाउने शब्दको अन्त्यमा के हुन्छ?
ii. गुरु।

**30.** निम्नलिखित कुन शब्दको हिज्जे शुद्ध छैन?
iii. कृषी।

**31.** दिइएका वाक्यमध्ये कुन वाक्यमा पत्र शब्दको सही प्रयोग भएको छैन?
ii. पन्ध्र दिनको एक पत्र हुन्छ।

**32.** आरम्भको विपरीत.... हो?
iii. शेष।

**33.** पात, चिट्ठी, बोक्रा, आदि केका अनेकार्थक रूप हुन्?
i. पत्र।

**34.** निम्नलिखित मध्ये कुन शब्दको पर्यायवाची रूप सही छैन?
iii. नदी-तारिका, निहारिका।

**35.** शत् र ''सत''-को सही अर्थ हो -
ii. सय र सत्य।
**36.** जीवनको विपरीत के हुन्छ?
ii. मरण।

**37.** निम्नलिखित कुन वाक्य सही छ?
iv. उसकी आमा हिजो आएकी थिइन्।

**38.** आदित्य, भाष्कर, प्रभाकर आदि केका पर्यायवाची रूप हुन्?
iii. सूर्य।

**39.** जुठे दमाइको गृहस्थी जीवन कस्तो थियो? **(1X5 = 5)**
ii. माया, प्रेम र आनन्दले भरिएको।

**40.** कोकलेको लबटो कसका गालामा पऱ्यो?
iii. चामेको।

**41.** भैंसीलाई एक हाते पार्नुको सही अर्थ हो-
iii. भैंसीले एकजनालाई मात्र दूध दिनु।

**42.** खरानी धसेर हिँड्नु को वास्तविक अर्थ हुन्छ-
iii. जोगी भएर हिँड्नु।

**43.** कोकलेको गालामा लबटो किन पऱ्यो?
ii. चामेको भैंसीले कोकलेको मकै बिगारेकोले।

**44.** छुसी को अर्थ के हो?
i. तुच्छ।

**45.** यस पंक्तिका रचनाकार को हुन्? **(1X5 = 5)**
ii. हरिभक्त कटुवाल।

**46.** सूर्यको जस्तो शक्ति कोसँग हुन्छ?
iii. पृथ्वीका तारा।

**47. कवि कलाकार र विज्ञानले कुन तारालाई मात्र देख्छन्?**
ii. आकाशमा भएका ताराहरूलाई।
**48. गाँसवासको डोहोले भन्नुको अर्थ के हो?**
iv. खाने र बस्ने ठाउँको अभाव।

**49. हाम्रो दृष्टि कस्तो छ?**
iii. वरिपरिको उपयोगी व्यक्ति वा वस्तु नचिन्ने।

**50. कुन ताराको अस्तित्व चाँडै हराउँछ?**
iv. आकाशका तारा।

**51. इस पढ्छु तेरो कविता कसको रचना हो?** **(1X4 = 4)**
iii. राजेन्द्र भण्डारी।

**52. के नभएसम्म हाम्रो देश बन्दैन?**
ii. दुइ चार सपुत नभए।

**53. इस पढ्छु तेरो कवितामा कविले आफ्नो छोरो कहाँ पढ्दैछ भनेका छन्?**
ii. ग्वालियरमा।

**54. कविले कानूनको जिम्मा कसलाई दिएको छु भनेका छन्?**
iii. रुपियाँलाई।

**55. कविको भनाइमा आजको युवा पुस्ताले धर्म, मानवाधिकार, दया, क्षमा करूणा आदिलाई के भनेर तिरस्कार गर्छन्?**
ii. आक् थू।

**56. हामीले के नगरे इतिहासले धिक्कार्नेछ?**
ii. कर्तव्य बिर्से।

**57. घाँटीमा फाँसीको मालालाई वीरले हाँस्दा के भाग्दछ?**
iii. दासता।

**58. हामीले आफ्नो कर्तव्य नगरे केले मुख लाजले छोप्छ?**
i. शहीदले।

**59.** कमलले कस्तो सपना देखेकी थिई? **2**

क. उसकी साथी सोनामणि सपनामा खित्-खित्? हाँस्दै गाउँको पल्लोपट्टि भएको पुलको छेउमा पुगेको, कमल उसको पछि-पछि गएको र कमलले लड्छ्यौ भन्दा-भन्दै अचानक पुलमुनि खसेको सपना देखेकी थिई।

**अथवा**

कमलले आफ्नो दाज्यूलाई मार्न खोज्नुको कारण के थियो?

कमललाई उसको दाज्यूको स्वभाव मन पर्दैनथ्यो। उसको कारणले कतिपय कुमारीहरूले सतित्व गुमाउनु परेको थियो। यसका साथै दाज्यूकै कारण सोनाको पनि मृत्यु भएकाले उसले दाज्यूलाई मार्न खोजेकी थिई।

**60.** प्रायश्चित कथाकी पात्रा कमलाले के-के काम गर्नुपर्थ्यो? **2**

कमलाले साँझ बिहान घरको पूरा काम गरेर स्कूल जानुपर्थ्यो र घरमा पनि ट्युसन पढ़ाउनु पर्थ्यो। काका-काकीलाई रिझाउन अन्य काम पनि गर्नुपर्थ्यो। जेलाको बुनाइ सधैं गर्नुपर्थ्यो।

**61.** प्रायश्चित कथाको कथाकारको नाम लेख्दै यसमा रहेका कुनै चार पात्रहरूको नाम लेख्नुहोस्।

कथाकारः श्रीमती खिरोदा खड़का **3**

पात्र-पात्राहरूः मोती, लक्ष्मी, कमला, नलिनी, माइकल, मोतिका काका।

**अथवा**

मोतीले राम्रो सलवार-कुर्ता बनाइदिन अनुरोध गर्दा लक्ष्मीले के भनेर सम्झाएकी थिइन्?

मानिसलाई राम्रो देख्ने त लुगाफाटा होइन, उसको चालचलन, शील, स्वभाव र चरित्र हो। त्यसमा ध्यान दिएर तिमीहरूले सुन्दर बनिने कोशिश गर्नुपर्छ। घरि-घरि नयाँ पहिरन फेरिरहनु नशा जस्तै हो। लुगा-फाटा, नक्कल-झक्कलभन्दा पढ़ाइमा बढ़ता ध्यान लगा। पढ़िसकेर राम्रो काम-दाम समातेर आफ्नो कमाइमा जे-जे मनपर्छ खानू, लाउनू, घुम्नू। पछि भाग्यमा के छ भन्न सकिँदैन। अहिले साधारण भएर हिँड़ेकै राम्रो है नानी।

**62.** सोनामणिको कुन-कुराले कमलको मुटुमा चिसो पसेको थियो? **3**

कमल र सोनामणि खेतमा डुल्दै गरेको बेला सेनामणिले ''कमल आजकल तिम्रो दाज्यूले साह्रै जिस्काउँछ जी, म एक्लै हुंदा कस्तो कस्तो आँखाले हेरिरहन्छ। अस्ति म जंगल दाउरा खोज्न गएको बेला मलाई भेटेर तिमी राम्री छौ भन्दै थियो'' भनेर सुनाएको कुराले कमलको मुटुमा चिसो पसेको थियो।

**63.** डा. घनश्याम नेपालको जन्म कहाँ भएको थियो र उनी हालमा कहाँ कार्यरत छन् ? **3**

डा. घनश्याम नेपालको जन्म पूर्व सिक्किमको राले खेसेमा भएको थियो। उनी हाल उत्तर बङ्ग विश्विवद्यालयमा कार्यरत छन्।

**64.** डा. घनश्याम नेपालले साहित्यका क्षेत्रमा प्राप्त गरेका कुनै चारवटा पुरस्कारका नाम लेख्नुहोस्? **2**

१) रत्नश्री पुरस्कार, नेपाल २) स्रष्टा पुरस्कार, गेजिङ, ३) दियालो पुरस्कार, दार्जीलिङ, ४) सैनध्वज नन्दकुमारी स्मृति पुरस्कार, नेपाल ५) भानु पुरस्कार, देहरादून, ६) भानु पुरस्कार, सिक्किम।

(यी मध्ये कुनै चार नाम लेख्न सक्नेछन्

**65. सप्रसङ्ग व्याख्या गर्नुहोस् :** **4**

''अहिले कता कता त्यो वृष्टि र कुइरोभित्र उसलाई बिहान हुँदै आएको आशाको धमिलो प्रकाश देखेजस्तो लाग्यो। शङ्काको निवारणमा घरभित्र डोकोले छोपेको ठूलो भाले पखेटा भ्याट्-भ्याट् गर्दै बास्यो।''

क. सन्दर्भः रातभरि हुरी चल्यो, इन्द्रबहादुर राई।

प्रसङ्गः

व्याख्याः

निष्कर्षः

**66.** ''फेरसको कुरा सुनेर अवाक बनेका डाक्टर नानो मनभरि विस्मय र पीडा लिएर लुरूलुरू प्रयोगशाला फर्किए।'' उक्त वाक्यमा डा. नानो के-कस्ता कारणले अवाक बनेका हुन्? **4**

डा. नानोले आफ्नो प्रयोगशालामा विभिन्न प्रकारका वैज्ञानिक चमत्कारहरू गरेका थिए। त्यसमध्ये कृत्रिम क्लोरिना पनि एक हो। उसले निर्माण गरेका सामाग्रीमध्ये महत्त्वपूर्ण त्यो नै थियो। तर फेरसको निम्ति तयार पारेको क्लोरिनामा मानिसमा हुनुपर्ने प्रेम, स्नेह, दया, करूणा आदि भाव हाल्न नसक्नाको कारण डा. नानो अवाक बनेका हुन्।

**67.** डा. नानो कथाको कथाकारको नाम लेख्दै डा. नानोले स्थापना गरेको प्रयोगशालाको नाम लेख्नुहोस्। **2**

कथाकारः जी.बी. निरौला र देवराज शर्मा(कोइराला)

प्रयोगशालाको नामः भ्रूण विकास केन्द्र।

2

**अथवा**

कालेका बाउ र आमा कतिबेला नाटकमा माग्नेको पाठमा खेल्न तयार भएका जस्ता देखिए?

गाईको गोठमा गएर च्यादर मिलाएर आउँदा दुवै भिजेर निथ्रुक्क भएका थिए। घरभित्र पसेर हतार हतार दुवैले लुगा फेरे, त्यतिबेला उनीहरू माग्नेको पाठ खेल्न तयार भएका जस्ता देखिए।

**68. निम्नलिखित कुनै एक विषयमा १५० शब्दसम्मको रोचक निबन्ध रचना गर्नुहोस्** **5**

अ. विद्यार्थी जीवन।

आ. विश्वमा कोरोना प्रभाव।

क. भूमिका- १

मुख्य विषय-२

निष्कर्ष-१

शब्द सीमा-१

**69. विद्या नै सर्वश्रेष्ठ धन हो भन्ने कुराको जानकारी गराउँदै विद्यालयका प्राचार्यलाई दुई दिनको विदाको निम्ति निवेदन लेख्नुहोस्।** **5**

पठाउनेको ठेगाना र मिति- ०१

सम्बोधन- ०.५

पत्रको मुख्य भाग- ०२

निष्कर्ष वा अन्त गराइ- ०.५

खाममा लेख्नुपर्ने : पाउनेको नाम र ठेगाना-१

**70. नेपालीमा अनुवाद गर्नुहोस् :** **5**

**i..** तिमी रेलगाड़ी आउनअघि नै स्टेसन पुगिसकेको हुनुपर्छ।

**ii..** स्वास्थ्य नै धन हो।

**iii.** हिजो सीता विद्यालय गएकी थिई।

**iv.** नानीहरू लातेभकुण्डो र हातेभकुण्डो खेलिरहेका छन्।

**v.** नानीहरू यता-उत्ता कुदीरहेका छन्।